# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, फागुन १२ गते २०३१ साल [संख्या ४५

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिचाइ मन्त्रालयको

### सूचना

टिकापुर विकास समिति (दोस्रो संशोधन) (गठन) आदेश, २०३१

टिकापुर विकास समिति (गठन) आदेश, २०२८ (यसपछि "मूल आदेश" भनिएको) लाई संशोधन गर्न वान्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :– (१) यस आदेशको नाम "टिकापुर विकास समिति (दोस्रो संशोधन) (गठन) आदेश, २०३१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल आदेशको दफा २ मा संशोधन :– मूल आदेशको दफा २ को उप–दफा (२) को खण्ड (ङ) लाई खण्ड (छ) मानी देहायको खण्ड (घ), (ङ) र (च) थपिएको छः–

६८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सचिव, अर्थ मन्त्रालय वा निजको प्रतिनिधि – – – सदस्य
(ङ) सचिव, खाद्य, कृषि तथा सिचाइ मन्त्रालय वा निजको प्रतिनिधि – – – – सदस्य
(च) सचिव, बन मन्त्रालय वा निजको प्रतिनिधि – – – सदस्य

३. मूल आदेशको दफा ३ मा संशोधन :– मूल आदेशको दफा ३ को उप–दफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :–

"(ग) योजनालाई जम्मा छ वर्षभित्र पूरा गर्ने ।"

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का.मु.सचिव

682

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।